# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

## चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय**

**निर्णय नं. ३६**

**मुद्दा नं. : ०८०-01-००९** **दर्ता मिति : २०८०/११/२०**

| | |
|---|---|
| छत्रविर श्रेष्ठको नाती पहलमान श्रेष्ठको छोरा काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १२ बस्ने वर्ष ६५ को ध्रुबदेव श्रेष्ठ ......................................................१ | निवेदक<br>वादी |

**विरुद्ध**

| | |
|---|---|
| किसन गिरीको नाती काशी गिरीको छोरा काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ५ बस्ने वर्ष ७२ को आनन्द गिरी ......................................................१<br>दिनानाथ अधिकारीको बुहारी कृष्णप्रसाद अधिकारीको पत्नी चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. १ घर भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ५ एकताबस्ती बस्ने वर्ष ५८ की जानुका अधिकारी ......................................................१ | विपक्षी<br>प्रतिवादी |

**मुद्दा : बाटोको जग्गा र मेरो जग्गा नापजाँच गरी साँध सिमाना छुट्याई विपक्षीहरूले मिचिएको बाटो कायम गरी न्याय पाउँ ।**

नियमानुसार नियमित पेशी सूचिमा चढि इजलाश समक्ष पेश हुन आएको प्रस्तुत विवादको विषयमा निर्णयार्थ पेश हुन आएको यस मुद्दाको मिसिल अध्ययन गरी वादी र प्रतिवादी समेतले गर्नु भएको बहस सुनी वाची दावी बमोजिमको बाटोको जग्गा र मेरो जग्गा नापजाँच गरी साँध सिमाना छुट्याई विपक्षीहरूले मिचिएको बाटो कायम गरी न्याय पाउँ मुद्दामा बाटोको जग्गा अतिक्रमण गरी मिचिएको हो होइन ? भन्ने कुरामा मुख नमिलेको देखिंदा निर्णयमा पुग्नुपर्ने देखिन आयो । उल्लेखित विवाद स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को (१) देहाय (ठ) बमोजिम यसै न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेकोमा काठमाडौं जिल्ला, साविक थानकोट महादेवस्थान गा.वि.स. वडा नं. २ग को कि.नं. १०४३, ७८३ बीचमा रहेको नापीनक्सा बमोजिमको कि.नं. ५८९ को सार्वजनिक बाटोको अन्तिम सिमानाको कित्ता नं. ५५२ सम्म जाने कि.नं. ५८९ को सार्वजनिक बाटो रहेको जग्गाको सम्बन्धमा मिति २०७८/१२/०७ गतेको अमिनबाट फिल्ड निरिक्षण गरी पेश भएको प्रतिवेदनमा नापी नक्सामा भन्दा फिल्डमा १ फिट चौडाई कम भएकोले नापी नक्सा अनुसारको सार्वजनिक बाटो कायम गर्न कि.नं. ६०० को जग्गाधनि लक्ष्मी श्रेष्ठले लगाएको पर्खाल हटाउनु पर्ने रायलाई प्रमुख प्रशासकीय अधिकृतबाट अमिनको फिल्ड प्रतिवेदन र

इन्जिनियरको राय बमोजिम कि.नं. ६०० को जग्गाधनि लक्ष्मी श्रेष्ठलाई पर्खाल हटाउन निर्देशन दिन निर्णयार्थ श्रीमान् नगर प्रमुख समक्ष पेश भई सोहि बमोजिम मिति २०७८/१२/०९ गते नै नगरप्रमुख स्तरिय निर्णय भई कार्यान्वयनको लागि प.सं. ०७८/०७९ च.नं. ९४० भई बाटो मिचि बनाएको पर्खाल भत्काई जानकारी दिनुहुन भनि पटक पटक यस विषयम कि.नं. ६०० का जग्गाधनिलाई पत्राचार गरेको देखिन्छ । यसरी एउटै विवादमा नगर प्रमुखबाट निर्णय भई कार्यान्वयनको प्रकृयामा रहेको अवस्थामा प्रस्तुत विवादमा नगर प्रमुखबाट मिति २०७८/१२/०९ मा भएको निर्णय बमोजिम हुने नै हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (४) बमोजिम उजुरी खारेजी गर्ने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसिल खण्ड**

(क) यस निर्णयको जानकारी वादी प्रतिवादी समेतलाई दिनु ........................................ १

(ख) सार्वजनिक बाटोको विषय भएकोले कार्यपालिकालाई यस निर्णयको प्रतिलिपी सहित जानकारी गराउनु । ........................................ २

(ग) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार अभिलेख शाखामा बुझाईदिनु । ....................

२०८१/०२/०३

संयोजक : श्री बसन्ती श्रेष्ठ

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

२०८१/०२/०३

सदस्य : रत्नलाल श्रेष्ठ

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्बत् २०८१ साल जेठ ०९ गते रोज ०४ शुभम् ........................................